नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# नेपाल इन्टरमोडल यातायात विकास समिति

## प्रेस विज्ञप्ति

चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सिन्धुपाल्चोकको लार्चामा निर्माण भएको तातोपानी सुख्खा बन्दरगाहको निर्माण कार्य सम्पन्न भई मिति २०७६।०३।१३ मा चिनीया पक्षबाट नेपाल इन्टरमोडल यातायात विकास समितिलाई औपचारिक रुपमा हस्तान्तरण भएको। उक्त सुक्खा बन्दरगाह समितिलाई हस्तान्तरण भए पश्चात केही समय समितिबाट सञ्चालन तथा व्यवस्थापन भई मिति २०७६।०९।१६ गते देखि नेपाल सरकारको स्वामित्व भएको नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडले सञ्चालन तथा व्यवस्थापन गर्दै आएको। उक्त सुक्खा बन्दरगाह निजी क्षेत्रबाट सञ्चालन तथा व्यवस्थापनको लागि टर्मिनल मेनेजमेन्ट कम्पनी छनौट गर्न समितिबाट मिति २०७९।०२।११ (मे २५, २०२२) मा प्रकाशित अन्तराष्ट्रिय बोलपत्र आव्हानको सूचना प्रकाशन भएको। उक्त सूचना बमोजिम (१) Flash Freight Logistics Pvt. Ltd, Lalitpur (२) Valley Terminals JV, Kathmandu (३) TransNepal JV, Biratnagar बाट प्राप्त प्रस्तावहरु मध्ये प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कनबाट सबै भन्दा बढी अंक प्राप्त गरी TransNepal JV, Biratnagar (Joint Venture between TransNepal Freight Services Pvt. Ltd. and Silk Transport Pvt. Ltd) को प्रस्ताव छनौट भएको। उक्त जेभिले नियमानुसार दर्ता गरेको कम्पनी Trans Silk Terminals Pvt. Ltd. र यस समिति वीच मिति २०७९।०५।२९ (तदानुसार १४ सेप्टेम्बर २०२२) मा तातोपानी सुक्खा बन्दरगाह पाँच वर्षको लागि सञ्चालन तथा व्यवस्थापन गर्न करार सम्झौता सम्पन्न भयो। करार सम्झौता बमोजिम सो कम्पनीले पाँच वर्षको लागि रु. ११ करोड ७० लाख पट्टा वहाल रकम समितिलाई बुझाउने र नियमानुसार महशुल बाँडफाँड गरिने छ। Trans Silk Terminals Pvt. Ltd. ले मिति २०७९।०६।१० देखि तातोपानी सुक्खा बन्दरगाह सञ्चालन तथा व्यवस्थापन गर्ने छ।

समिति नियमनकारी निकायको रुपमा रहन्छ भने निजी कम्पनीले करार सम्झौतामा तोकिएका मापदण्ड अनुसार व्यवस्थित तवरमा सञ्चालन गर्नेछ। निजी क्षेत्रको विज्ञता प्रयोग गरी सुक्खा बन्दरगाह/एकीकृत जाँच चौकीको सञ्चालन तथा व्यवस्थापन सार्वजनिक-निजी क्षेत्रको सहकार्यमा हुने गरेको छ। तातोपानी सुक्खा बन्दरगाह निजी क्षेत्रबाट सञ्चालन तथा व्यवस्थापन भएपछि सो सुक्खा बन्दरगाह मार्फत हुने व्यापार चुस्त, छिटो छरितो र किफायति हुने छ भन्ने विश्वास समितिले लिएको छ।

...........................

(हरेकृष्ण मिश्र)

**उपनिर्देशक**

मिति: २०७९।०५।३०